# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, माघ ७ गते २०३१ साल [संख्या ४०

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल रेडक्रस सोसाईटीलाई विभिन्न मुलुकहरुबाट चन्दा स्वरूप सहायतार्थ प्राप्त हुने मालवस्तुहरुमा भंसार महशूल छुट दिने बारे खन्ड १४, मिति २०२१।१२।२, संख्या ४८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दोस्रो प्रकरणपछि निम्नलिखित प्रकरण थप गरी संशोधन गरेको छः–

"तर नेपाल रेडक्रस सोसाईटीले उपरोक्त मालवस्तुहरू बेचविखन गर्ने भएमा नेपाल कानूनले लाग्ने भन्सार महसूल तिरेर मात्र बेचविखन गर्न सक्नेछ ।"

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

625

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## अर्थ मन्त्रालय
## भन्सार विभागको
## सूचना

भन्सार ऐन, २०१९ (संशोधन सहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ताहचलस्थित श्री कान्ति-ईश्वरी पूर्व–प्राथमिक विद्यालयको प्रयोगको लागि अमेरिकी पर्यटक श्री लि. एण्ड फेडरेशनसंग खरीद भएको चेसिस नं. २२१२१७३०८ ई. नं.ए. ई. २९४८८९,४ सिलिण्डर ५० हर्ष पावर हरियो र सेतो रंग १९७१ मोडेल र नं. ४१६–८५३२९ को भक्स वाइगन मिनिबस १ एकमा भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट दिएको छ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

630

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।